# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

उद्योग मन्त्रालयका सचिव श्री राधारमण उपाध्याय सियोलमा हुने औद्योगिक विकासको कार्यनीतिसम्बन्धी अन्तर्राष्ट्रिय गोष्ठीमा भाग लिन जानुभएको र अतिरिक्त सचिव श्री रविदेव शर्मा अस्वस्थ भई अनुपस्थित रहनुभएकोले सचिव श्री राधारमण उपाध्याय फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री गणपतलाल राजभण्डारीलाई मिति २०४५।२।६ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४४।१२।२९ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्रांकित तृतीय श्रेणी (लेखा समूह) महालेखा नियन्त्रक कार्यालयका लेखा अधिकृत श्री चन्द्रेश्वर सानोले दिनुभएको राजीनामा मिति २०४४।१२।२९ देखि लागू हुने गरी स्वीकृत गरिएको छ।

आज्ञाले,
अर्जुनमणि आ. दी.
उपसचिव



४८ ५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।